# नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

**सूचना नं. १२/०७६/०७७**

प्रकाशित मिति २०७६/१२/११ गते ।

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्रहरी अतिरिक्त महानिरीक्षक

विश्वव्यापी रुपमा बढ्दै गएको COVID -19 को प्रकोपबाट फैलिन सक्ने महामारीको प्रभाव तथा जोखिमलाई ब्यवस्थापन एवं न्युनिकरण गर्न Isolation ward with ICU Care को स्थापनाको लागि अति आवश्यक बिभिन्न मेडिकल मेशिनरी तथा औजारहरू र Prefab Isolation ward एवं Prefab Isolation ICU ward समेतको विशेष परिस्थितिमा आकस्मिक रूपमा तत्काल खरिद तथा निर्माण कार्य गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ वमोजिम खरिद तथा निर्माण कार्य गर्न लिखित दररेट सहितको प्रस्ताव आह्वान गरिएको छ । खरिद गरिने सामाग्रीको बिबरण गुणस्तर तथा स्पेशिफिकेशन एवं पालना गर्नु पर्ने शर्तहरू उल्लेख भएको बोलपत्र कागजात नेपाल प्रहरी अस्पतालको प्रबन्ध शाखा वा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौरबाट नियमानुसार प्राप्त गर्न सकिने छ । ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था तथा कम्पनीहरूले यस अस्पतालबाट जारी भएको बोलपत्र कागजातमा उल्लेख भए बमोजिमको बिबरण भरी आधिकारीक सही छाप गरी मिति २०७६।१२।१६ गते दिनको १२:०० बजे भित्र यस नेपाल प्रहरी अस्पतालको प्रबन्ध शाखामा सिलबन्दी प्रस्ताब दर्ता गर्न हुन अनुरोध गरिएको छ । साथै दर्ता भएका सिलबन्दी प्रस्ताबहरू मिति २०७६।१२।१६ गते दिनको १३:०० बजे नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौमा खोलिने छ । विस्तृत जानकारीको लागि यस अस्पतालको प्रबन्ध शाखामा वा टेलिफोन नं. ०१-४४१२४३०, ०१-४४१२५३० को Ext. no १२८ मा सम्पर्क गर्न हुन समेत यो सूचना प्रकाशित गरिएको छ।